


वर्ष ४५ अङ्क १० असार २०७८ जुन-जुलाई २०२१

# मौद्रिक नीतिको तेस्रो त्रैमासिक समीक्षा सार्वजनिक



नेपाल राष्ट्र बैंकले आ.व.२०७७/७८ को मौद्रिक नीतिको तेस्रो त्रैमासिक समीक्षा सार्वजनिक गरेको छ । बैंकले २०७८ जेठ ४ गते उक्त समीक्षा सार्वजनिक गरेको हो ।

समीक्षामार्फत राष्ट्र बैंकले कोभिड-१९ को दोस्रो लहरका कारण मौद्रिक सहजता र पुनरुत्थान लक्षित कार्यक्रमलाई निरन्तरता दिँदै यसबाट वित्तीय स्थायित्वमा जोखिम आउन नदिनेतर्फ सजगता अपनाइने जनाएको छ । समीक्षामा भनिएको छ, 'आन्तरिक उत्पादन वृद्धि, रोजगारी सिर्जना र आर्थिक पुनरुत्थानको लागि वित्तीय साधनको उपलब्धतालाई सहजीकरण गरी आर्थिक वृद्धिमा सहयोग पुऱ्याउन मौद्रिक नीतिको विद्यमान कार्यदिशालाई निरन्तरता दिइनेछ ।' साथै, कोभिड-१९ महामारीको उपचारमा सहजता ल्याउन यससँग सम्बन्धित वस्तु तथा उपकरणको आयात, उत्पादन तथा वितरणसम्बन्धी कार्यमा कर्जा प्रवाह प्रोत्साहित गरिने समीक्षामा उल्लेख छ ।

विद्यमान अनिवार्य नगद अनुपात, वैधानिक तरलता अनुपात, बैंकदर र ब्याजदर कोरिडोरका व्यवस्थालाई यथावत् राखिएको छ । हाल सञ्चालनमा रहेका स्वास्थ्य सेवा प्रदायक संस्था, अस्पताल वा उद्योगलाई लिक्विड अक्सिजन प्लाण्ट वा अक्सिजन प्लाण्ट स्थापना गर्ने प्रयोजनको लागि कर्जा माग भएमा बैंक तथा वित्तीय संस्थामार्फत आधार दरमै कर्जा उपलब्ध गराउने व्यवस्था मिलाइने समीक्षामा जनाइएको छ । साथै, लिक्विड अक्सिजन प्लान्टको लागि रु.५० करोडसम्म तथा अक्सिजन प्लाण्ट स्थापना गर्ने प्रयोजनको लागि रु.२० करोडसम्मको कर्जालाई एक वर्षको लागि विशेष पुनरकर्जा उपलब्ध गराउने व्यवस्था मिलाइनेसमेत समीक्षामा उल्लेख छ ।

कोभिड-१९ संक्रमण न्यूनीकरणका लागि जारी भएको निषेधाज्ञा अवधिभर बैंक तथा वित्तीय संस्थाले ग्राहकबाट कर्जा असुलीमा कुनै किसिमको जरिवाना वा अतिरिक्त शुल्क लिन नपाउने व्यवस्था मिलाइने उल्लेख छ । तेस्रो त्रैमासिक समीक्षा अनुसार निषेधाज्ञा अवधिभर म्याद समाप्त भएका मुद्दती निक्षेपको नवीकरण, जमानत तथा प्रतीतपत्रको नवीकरण र कर्जाको नवीकरण सम्बन्धित ग्राहकको अनुरोधमा बैंक तथा वित्तीय संस्थाले गर्न सक्ने व्यवस्था मिलाइनेछ ।

बैंक तथा वितीय संस्थाले प्रवाह गर्ने कर्जामध्ये सेयरको धितोमा प्रवाह हुने मार्जिन प्रकृतिको कर्जाको सुरक्षणवापत सेयरको

मूल्याङ्कन गर्दा पछिल्लो १८० दिनको अन्तिम मूल्यको औसत मूल्य वा प्रचलित बजार मूल्यमध्ये जुन कम हुन्छ सोही आधारमा गणना गर्ने व्यवस्था मिलाई उक्त मूल्यको ७० प्रतिशतसम्म कर्जा प्रवाह गर्न सक्ने व्यवस्थालाई निरन्तरता दिइएको छ। यसअघि सो मूल्याङ्कन अवधि १२० दिन तोकिएको थियो।

बैंक तथा वित्तीय संस्थाले निक्षेप र कर्जाको ब्याजदर परिवर्तनसम्बन्धी जानकारी सम्बन्धित ग्राहकलाई विद्युतीय माध्यमबाट तत्काल उपलब्ध गराउनुपर्ने व्यवस्था मिलाइने नीतिमा उल्लेख छ। तेस्रो त्रैमासिक समीक्षा अनुसार बैंक तथा वित्तीय संस्थाले संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत छुट्याएको कोषको रकम जीवन रक्षा, सार्वजनिक हित तथा परोपकारी कार्यलाई प्राथमिकता दिने गरी त्यस्तो योगदान देशभर नै उपलब्ध हुने व्यवस्था मिलाइनेछ। 'उक्त कोषको रकम अक्सिजन सिलिण्डर, अक्सिजन कन्सन्ट्रेटर, जीवन रक्षक भ्याक्सिन, औषधि आदि कार्यमा खर्च गर्न सक्ने व्यवस्था मिलाइने छ।' समीक्षामा उल्लेख छ।

**आर्थिक तथा मौद्रिक परिदृष्य**

कोभिड-१९ संक्रमणको दोस्रो लहरपछि जारी निषेधाज्ञाका कारण अर्थतन्त्र चुनौतीपूर्ण अवस्थामा रहेको निष्कर्ष मौद्रिक नीतिको तेस्रो त्रैमासिक समीक्षाले निकालेको छ। जसका कारण आर्थिक वर्ष २०७७/७८ मा अनुमानित चार प्रतिशतको आर्थिक वृद्धि हासिल गर्न कठिन हुने समीक्षामा उल्लेख छ।

२०७७ चैत मसान्तसम्मको विप्रेषण आप्रवाह सन्तोषजनक रहे तापनि विगत एक वर्ष यता वैदेशिक रोजगारीमा जाने श्रमिकको संख्या बढ्न नसकेका कारण विप्रेषणको वृद्धिदर कायम राख्न चुनौती देखिएको समीक्षामा उल्लेख छ। पछिल्ला महिनामा आयातको परिमाण बढेसँगै शोधनान्तर बचत घट्दै गए तापनि चालु आर्थिक वर्षको अन्त्यसम्म विदेशी विनिमय सञ्चिति लक्षित तहभन्दा माथि नै रहने अनुमान राष्ट्र बैंकले गरेको छ।

अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको मूल्य वृद्धिउन्मुख रहेको, नेपालको तुलनामा भारतको मूल्यवृद्धि उच्च रहेको र नेपाली रुपैयाँ अवमूल्यन हुँदै गएका कारण आगामी दिनमा मुद्रास्फीतिमा केही चाप पर्नसक्ने आँकलन बैंकले गरेको छ। तथापि आन्तरिक माग पक्ष शिथिल रहेको र आपूर्ति व्यवस्थापन सहज नै रहेकोले चालु आर्थिक वर्षमा मुद्रास्फीति लक्षित सीमाभित्र रहने बैंकको अनुमान छ।

कोभिड-१९ को पहिलो लहर सुरु भएदेखि कर्जाको माग घटेको तर लचिलो मौद्रिक नीतिका कारण तरलता प्रवाह बढेको हुनाले निक्षेप तथा कर्जाका ब्याजदरहरू घट्दै गएका छन्। कर्जाको ब्याजदरमा आएको कमीका कारण पछिल्ला महिनामा कर्जाको माग बढाउन सहयोग पुगेको समीक्षामा उल्लेख छ। कर्जाको माग उल्लेख्य बढ्दा २०७७ चैत महिनापछि बैंकिङ क्षेत्रको तरलतामा कमी आई अल्पकालीन ब्याजदर केही बढ्न गएको जनाइएको छ। जसका कारण आगामी दिनमा कर्जा तथा निक्षेपको ब्याजदर बढ्ने सङ्केत देखिए तापनि हालैको निषेधाज्ञाले नयाँ कर्जाको मागमा कमी आई बैंकिङ क्षेत्रको तरलता र ब्याजदरहरू सामान्य रहने अनुमान गरिएको छ।

## एकीकृत निर्देशन, २०७७ मा संशोधन/परिमार्जन

नेपाल राष्ट्र बैंकले 'क', 'ख' र 'ग' वर्गका इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाका निम्ति जारी गरिएको 'एकीकृत निर्देशन, २०७७' मा संशोधन तथा परिमार्जन गरिएको छ। साथै, केही नयाँ व्यवस्था थप गरिएका छन्।

बैंक तथा वित्तीय संस्था नियमन विभागद्वारा २०७८ जेठ ११ गते जारी परिपत्र अनुसार पछिल्लो १८० कार्य दिनको अन्तिम मूल्यका औसत मूल्य वा सेयरको प्रचलित बजार मूल्यमध्ये जुन कम हुन्छ, सो मूल्यको बढीमा ७० प्रतिशतसम्म मात्र सेयर धितो कर्जा प्रवाह गर्न सकिनेछ। यसअघि १२० दिनको अवधिलाई गणना गर्ने गरिएको थियो।

हाल सञ्चालनमा रहेका स्वास्थ्य सेवा प्रदायक संस्था, अस्पताल वा उद्योगलाई लिक्विड अक्सिजन प्लाण्ट वा अक्सिजन प्लाण्ट स्थापना गर्ने प्रयोजनको लागि कर्जा माग भएमा आधार दरमा कर्जा उपलब्ध गराउन राष्ट्र बैंकले निर्देशन दिएको छ। पछिल्लो संशोधनमा कोभिड महामारीको रोकथामका निम्ति बैंक तथा वित्तीय संस्थाले आफ्नो संस्थागत सामाजिक उत्तरदायित्व कोषबाट अक्सिजन सिलिण्डर, अक्सिजन कन्सन्ट्रेटर, जीवन रक्षक भ्याक्सिन, औषधिलगायतको सहज आपूर्तिको लागि आवश्यक खर्च गर्न सक्ने व्यवस्था मिलाइएको छ।

पछिल्लो निर्देशनमार्फत धितोपत्र विनिमय बजारमा सूचीकृत भइसकेको सङ्गठित संस्थाको सेयर तथा डिबेञ्चरमा एक वर्षभन्दा कम अवधिको निम्ति लगानी गर्न बैंक तथा वित्तीय संस्थालाई रोक लगाइएको छ। बैंक तथा वित्तीय संस्थाले कुनै किसिमको प्रबन्धबाट सङ्गठित संस्थाको सेयरमा अल्पकालीन लगानी गर्न पाउने छैनन्। खरिद गरेको एक वर्ष व्यतीत भएका लगानीमध्येबाट एक आर्थिक वर्षमा प्राथमिक पुँजीको एक प्रतिशत रकमसम्मको लगानी मात्र बिक्री गर्न सकिने व्यवस्था गरिएको छ। तथापि यसअघि २०७८ जेठ १० गतेसम्म लगानी गरिएका सेयर २०७९ असारमसान्तभित्र बिक्री गर्न भने बाधा पर्ने छैन। साथै विपन्न वर्ग कर्जामा गणना गर्ने प्रयोजनको लागि बाहेक 'घ' वर्गको लघुवित्त वित्तीय संस्थाको सेयरमा लगानी गर्न पाइने छैन। यसअघि २०७८ जेठ १० गतेसम्म खरिद गरिएका सेयर २०७८ पुस मसान्तभित्र बिक्री/विनिवेश गरिसक्नुपर्नेछ।

कोभिड-१९ संक्रमण न्यूनीकरणका लागि जारी भएको निषेधाज्ञा अवधिभर र सो अवधि समाप्त भएको सात दिनसम्म बैंक तथा वित्तीय संस्थाले ग्राहकबाट कर्जा असुलीमा कुनै किसिमको जरिवाना वा अतिरिक्त शुल्क लिन पाउने छैनन्। पछिल्लो निर्देशनअनुसार निक्षेप र कर्जाको ब्याजदर परिवर्तनसम्बन्धी जानकारी सम्बन्धित ग्राहकलाई एसएमएस/इमेलमार्फत तत्काल उपलब्ध गराउनुपर्नेछ।

# गभर्नर अधिकारीद्वारा युनियनको ४९औं बोर्ड बैठकलाई सम्बोधन
# 'कोभिड–१९ को दोस्रो लहरका कारण अर्थतन्त्रमा थप चुनौती'




गभर्नर महाप्रसाद अधिकारीले कोभिड-१९ को दोस्रो लहरसँगै अनिश्चितता बढेको हुँदा मुलुकको अर्थतन्त्र चुनौतीपूर्ण बनेको धारणा राख्नुभएको छ ।

भर्चुअल माध्यमद्वारा २०७८ वैशाख १० गते सञ्चालित एसियन क्लियरिङ युनियन (एसीयु) सञ्चालक समितिको ४९ औं बैठकलाई सम्बोधन गर्दै गभर्नर अधिकारीले यस्तो धारणा राख्नुभएको हो । उहाँले भन्नुभयो, "कोभिडको अघिल्लो लहरबाट प्रभावित व्यापार, पर्यटन, यातायात, उत्पादन र निर्माण क्षेत्र बिस्तारै पुनरुत्थानतर्फ उन्मुख हुँदै थियो । कोभिडको दोस्रो लहरका कारण मुलुकको समष्टिगत अर्थव्यवस्था फेरि अनिश्चिततातर्फ धकेलिएको छ ।" तथापि कोभिड प्रभावित अर्थतन्त्रको पुनरुत्थानको निम्ति थप प्रभावकारी नीतिगत व्यवस्था अवलम्बन गर्दै जाने योजनालाई नेपाल राष्ट्र बैंकले उच्च प्राथमिकतामा राखेको जानकारी गभर्नर अधिकारीले दिनुभयो ।

बैठकमा गभर्नर अधिकारीले कोभिड-१९ बाट प्रभावित अर्थतन्त्र र वित्तीय क्षेत्रलाई लक्षित दिशातर्फ अग्रसर गराउन नेपाल राष्ट्र बैंकले गरेका विभिन्न नीतिगत व्यवस्थाबारे जानकारी गराउनुभयो । कोभिड संक्रमणयताको अवधिमा तरलताको सहजीकरण, ब्याजदर कटौती, अतिरिक्त चालु पुँजी कर्जाको सुविधा, कर्जाको पुनर्संरचना/पुनर्तालिकीकरण, कर्जाको सावाँ/ब्याज भुक्तानीको समयसीमा बढाउने जस्ता नीतिगत सहुलियत उपलब्ध गराइएको जानकारी उहाँले दिनुभयो ।

कोभिड-१९ बाट प्रभावित उद्योग, व्यवसाय, साना तथा मझौला उद्यमको उत्थानको निम्ति कर्जामा सहुलियत दिनेगरी पुनरकर्जा सुविधालाई परिमार्जन गरिएको र पुनरकर्जा कोषको सीमा बढाएर पाँच गुणासम्म पुनरकर्जा सुविधा उपलब्ध गराउन सक्नेगरी आवश्यक व्यवस्था मिलाइएको जानकारी गभर्नर अधिकारीले दिनुभयो । साथै, कोभिडबाट प्रभावित पर्यटनसँगै घरेलु, साना र मझौला व्यवसायमा जनशक्तिको तलब/ज्याला भुक्तानीको निम्ति नेपाल सरकारको सहयोगमा छुट्टै ५० अर्ब रुपैयाँको कोष बनाइएको जानकारी उहाँले दिनुभएको थियो ।

सो अवसरमा गभर्नर अधिकारीले विद्युतीय भुक्तानी प्रणालीलाई विस्तार गर्दै नगदरहित कारोबारलाई स्थापित गर्ने दिशातर्फ अग्रसर हुनुपर्ने आवश्यकतामा जोड दिनुभयो । उहाँले भन्नुभयो, "विद्युतीय भुक्तानीसम्बन्धी नीतिगत व्यवस्था र पूर्वाधार विकासका कारण बन्दाबन्दी र निषेधाज्ञाको असहज अवस्थामा मोबाइल बैंकिङ, इन्टरनेट बैंकिङ, क्यूआर कोड, कनेक्ट आइपीएसलगायतका विद्युतीय माध्यमबाट उत्साहजनक कारोबार भएका छन् । यसलाई हामीले अझ व्यापक बनाउनुपर्ने आवश्यकता छ ।" साथै, उहाँले नेपालको समष्टिगत अर्थतन्त्र र वित्तीय क्षेत्रको पछिल्लो आँकडाहरूसमेत बैठकमा प्रस्तुत गर्नुभएको थियो ।

रिजर्व बैंक अफ इण्डिया (आरबीआई)ले उक्त भर्चुअल बैठक आयोजना गरेको हो । बैठकका अवसरमा युनियनमा आबद्ध केन्द्रीय बैंकका तर्फबाट आ-आफ्नो मुलुकको समष्टिगत आर्थिक तथा वित्तीय स्थितिसँगै कोभिड-१९ को असरलाई न्यूनीकरण गर्न अवलम्बन गरिएका नीतिगत व्यवस्थासम्बन्धी विवरण प्रस्तुत गरिएको थियो ।

सो अवसरमा एसिया तथा प्यासिफिक क्षेत्रका लागि राष्ट्रसंघीय आर्थिक तथा सामाजिक आयोगका उप-महासचिव आर्मिदा सल्सिया अलिस्जबानाले कोभिड महामारीबाट प्रभावित अर्थतन्त्रलाई गतिशील तुल्याउनका निम्ति युनियनमा आबद्ध केन्द्रीय बैंकहरूबीच नीतिगत सहकार्य र समन्वय हुनुपर्ने सुझाव दिनुभयो ।

बैठकमा एसियन क्लियरिङ युनियनका महासचिव लीडा बोर्हान आजादले सन् २०१९ मा युनियनबाट भएका कामकारबाहीसम्बन्धी प्रतिवेदन प्रस्तुत गर्नुभयो। सो अवसरमा युनियनमा आबद्ध मुलुकहरूको गैरबैंकिङ वित्तीय संस्थाको समस्या, चुनौती र भावी कार्यदिशासम्बन्धी एकीकृत विवरण प्रस्तुत गरिएको थियो ।

४९ औं सञ्चालक समितिको बैठकसँगै एसियन क्लियरिङ युनियनको अध्यक्षता रिजर्व बैंक अफ इण्डिया (आरबीआई) ले ग्रहण गरेको छ। अर्को बैठक आयोजना नभएसम्मका निम्ति आरबीआईले युनियनको अध्यक्षता गर्नेछ । यसैबीच, उक्त बैठकले युनियनको ५० औं सञ्चालक समितिको बैठक सन् २०२२ जनवरीमा गर्ने निर्णयसमेत गरेको छ ।

एसियन क्लियरिङ युनियनमा बङ्गलादेश, भुटान, भारत, इरान, माल्दीभ्स, म्यानमार, नेपाल, पाकिस्तान र श्रीलङ्का गरी नौ मुलुकका केन्द्रीय बैंकहरू आबद्ध छन् । अन्तरदेशीय भुक्तानी कारोबारलाई व्यवस्थित र सहजीकरण गर्ने उद्देश्यका साथ सन् १९७४ डिसेम्बरमा युनियनको स्थापना भएको थियो । युनियनको सचिवालय इरानको तेहरानमा छ ।


# विदेशी लगानी तथा ऋण व्यवस्थापन विनियमावली जारी

विदेशी लगानीको स्वीकृति, लेखाङ्कन, विदेशी लगानी वा सोबाट आर्जित रकम फिर्ता लैजाने, विदेशी ऋणको स्वीकृतिलगायतका प्रक्रियालाई व्यवस्थित र सहजीकरण गर्ने उद्देश्यका साथ नेपाल राष्ट्र बैंकले 'विदेशी लगानी तथा विदेशी ऋण व्यवस्थापन विनियमावली, २०७८' जारी गरेको छ ।

विदेशी विनिमय व्यवस्थापन विभागद्वारा २०७८ जेठ २५ गते भर्चुअल माध्यममा आयोजित कार्यक्रममा उक्त विनियमावली सार्वजनिक गरिएको हो । कार्यक्रममा गभर्नर महाप्रसाद अधिकारीले नेपालमा विदेशी लगानी भित्र्याउने तथा फिर्ता लैजाने प्रक्रियालाई सहज र व्यवस्थित तुल्याउन उक्त विनियमावली महत्वपूर्ण हुने विश्वास व्यक्त गर्नुभयो । उहाँले भन्नुभयो, "वैदेशिक लगानी भित्र्याउने प्रक्रिया झन्झटिलो भयो भन्ने गुनासो विगतमा धेरै आयो । यो विनियमावलीमार्फत विगतका नीतिगत कमजोरीलाई सम्बोधन गर्ने प्रयास गरिएको छ ।" विदेशी लगानीका सन्दर्भमा उक्त विनियमावलीले 'गेम चेन्जर' को भूमिका निर्वाह गर्ने उहाँको विश्वास थियो ।

विगतमा जारी गरिएका विदेशी लगानी र ऋणसम्बन्धी निर्देशिका, परिपत्र र अन्य नीतिगत व्यवस्थालाई परिमार्जन गर्दै एकीकृत ढाँचामा उक्त विनियमावली जारी गरिएको जनाइएको छ । नेपाल राष्ट्र बैंक सञ्चालक समितिले गत जेठ १७ गते सो विनियमावली स्वीकृत गरेको थियो ।

विनियमावली अनुसार विदेशी लगानीका निम्ति उद्योग विभाग वा लगानी बोर्डको स्वीकृति प्राप्त भएपछि सो रकम नेपालमा पठाउन वा भित्र्याउन राष्ट्र बैंकको पूर्वस्वीकृति लिनुपर्ने छैन । विदेशी लगानी पठाउनु वा भित्र्याउनुपूर्व तोकिएको ढाँचामा बैंकलाई लिखित जानकारी भने दिनुपर्नेछ । तथापि, सेयर स्वामित्व परिवर्तन भई गरिने विदेशी लगानीवापतको विदेशी मुद्रा नेपाल पठाउन वा भित्र्याउन भने बैंकको पूर्वस्वीकृति


नेपाल राष्ट्र बैंक विदेशी लगानी तथा विदेशी ऋण व्यवस्थापन विनियमावली, २०७८

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग
२०७८

आवश्यक पर्ने व्यवस्था गरिएको छ ।

नेपाल भित्रिएको विदेशी लगानीवापतको रकम र विदेशी लगानीको लेखाङ्कन गराउन सम्बद्ध कम्पनी, उद्योग वा लगानीकर्ताले विदेशी मुद्रा भित्रिएको वा लगानी भएको छ महिनाभित्र विदेशी विनिमय सहजीकरण इकाईमा निवेदन दिनुपर्ने व्यवस्था गरिएको छ । विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ को दफा २० र २६ का व्यवस्थाबमोजिम विदेशी लगानी तथा सोबाट आर्जित रकम फिर्ता लैजान विदेशी मुद्रा सटही सुविधाका लागि राष्ट्र बैंकले स्वीकृति दिने प्रावधान विनियमावलीमा छ । त्यसको निम्ति विदेशी लगानीकर्ता वा कम्पनी/उद्योगले विनियमावलीको अनुसूची-९ बमोजिमको कागजात संलग्न राखी इकाईमा निवेदन दिनुपर्नेछ । निवेदन प्राप्तिको १५ दिनभित्र आवश्यक निर्णय गरी निवेदकलाई लिखित जानकारी दिनुपर्ने व्यवस्था विनियमावलीमा छ ।

प्रचलित कानुनले छुट दिएकोमा बाहेक नेपाली व्यक्ति, फर्म, कम्पनी, बैंक तथा वित्तीय संस्था वा अन्य सङ्गठित संस्थाले भारतीय रुपैयाँ वा परिवर्त्य विदेशी मुद्रामा ऋण लिनका लागि राष्ट्र बैंकको पूर्वस्वीकृति लिनुपर्ने प्रावधान राखिएको छ । बैंकमा पेश भएको १५ दिनभित्र सोसम्बन्धी निर्णय गरी निवेदकलाई लिखित जानकारी दिइनेछ ।

नेपाल भित्रिएको विदेशी ऋणको लेखाङ्कनका निम्ति ऋणवापतको विदेशी मुद्रा भित्रिएको छ महिनाभित्र अनुसूची-१४ बमोजिमको ढाँचामा निवेदन दिनुपर्नेछ । त्यसको सात दिनभित्र बैंकले सोसम्बन्धी निर्णय गरी लेखाङ्कनको प्रमाणपत्र दिनेछ । विदेशी ऋणको सावाँ तथा ब्याज भुक्तानीको लागि आवश्यक पर्ने विदेशी मुद्राको सटही सुविधा बैंक तथा वित्तीय संस्थाबाट प्राप्त गर्न सकिने व्यवस्था विनियमावलीमा राखिएको छ । त्यसको निम्ति राष्ट्र बैंकको पूर्वस्वीकृति लिनुपर्ने छैन ।

नेपाल भित्र्याइने/भित्रिएको र नेपालबाट बाहिर पठाइने/पठाइएको विदेशी मुद्रा गैरकानुनी ठहरिएमा वा सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी कार्यमा वित्तीय लगानी निवारणसम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनी व्यवस्थाको पालना नभएमा प्रचलित कानुनबमोजिम कारबाही हुने व्यवस्था विनियमालीमा समेटिएको छ ।

विदेशी लगानी वा ऋणवापतको रकम जुन मुद्रामा भित्रिएको हो सोही मुद्रामा नै स्थानान्तरण गर्नुपर्नेछ । यसरी रकम स्थानान्तरण गर्दा विदेशी लगानी वा विदेशी ऋणवापत प्राप्त भएको विदेशी मुद्रामा कुनै प्रकारको शुल्क/कमिसन वा दस्तुरवापत रकम कट्टा गरेको भएमा सो रकमसमेत स्पष्ट रूपमा खुलाई स्थानान्तरण गर्नुपर्ने व्यवस्था छ ।

विदेशी लगानी तथा विदेशी ऋण व्यवस्थापनलाई सहजीकरण र समन्वय गर्नका निम्ति विदेशी विनिमय व्यवस्थापन विभाग हेर्ने डेपुटी गभर्नरको संयोजकत्वमा 'विदेशी लगानी तथा विदेशी ऋण व्यवस्थापन सहजीकरण समिति' रहने व्यवस्था विनियमावलीमा छ । समितिमा अर्का डेपुटी गभर्नर, विभागका कार्यकारी निर्देशक, अर्थ

मन्त्रालय, लगानी बोर्ड, परराष्ट्र मन्त्रालयका सहसचिव र उद्योग विभागका महानिर्देशक सदस्य रहने व्यवस्था छ । विदेशी विनिमय व्यवस्थापन विभागका निर्देशक सदस्य-सचिव रहनेछन् ।

नेपाल भित्रिएको विदेशी मुद्रा र नेपालबाट बाहिरिएको विदेशी मुद्रालगायतका विवरण समावेश गरी सम्बन्धित बैंक तथा वित्तीय संस्थाले त्रैमासिक रूपमा नेपाल राष्ट्र बैंकमा पेश गर्नुपर्ने व्यवस्था विनियमावलीमा राखिएको छ ।

उक्त विनियमावलीको कार्यान्वयनपश्चात् विदेशी लगानी तथा ऋणसम्बन्धी सेवा प्रवाह सहज, छरितो र व्यवस्थित हुने, सो प्रक्रियामा बैंक तथा वित्तीय संस्था बढी उत्तरदायी हुने, नेपाल विदेशी लगानीका निम्ति आकर्षक गन्तव्य बन्ने, डुइङ बिजनेस रिपोर्टमा सुधार आउनेलगायतका अपेक्षा सरकारी निकाय, राष्ट्र बैंक, उद्योगी/व्यवसायी र अन्य सरोकारवाला पक्षले राखेका छन् ।

विनियमावली सार्वजनिक गर्न आयोजित कार्यक्रममा डेपुटी गभर्नरद्वय नीलम ढुङ्गाना तिम्सिना र बमबहादुर मिश्रले विनियमावलीको कार्यान्वयनमा प्रभावकारी भूमिका निर्वाह गरिदिन सबै सरोकारवाला क्षेत्रका प्रतिनिधिलाई आग्रह गर्नुभयो । साथै, आवश्यकता अनुसार विनियमावलीलाई परिमार्जन गर्दै लगिने धारणासमेत उहाँहरूले राख्नुभएको थियो ।

सो अवसरमा विदेशी विनिमय व्यवस्थापन विभागका कार्यकारी निर्देशक रामु पौडेलले नेपालमा विदेशी लगानीको आँकडा, विनियमावलीका प्रमुख व्यवस्थाहरू, नयाँ प्रावधानको तुलनात्मक विश्लेषणलाई समेटेर कार्यपत्र प्रस्तुत गर्नुभयो ।

कार्यक्रममा नेपाल राष्ट्र बैंकका उच्च अधिकारीहरूसँगै अर्थ मन्त्रालय, लगानी बोर्ड, बैंक तथा वित्तीय संस्था, उद्योगी व्यवसायी आबद्ध संघ/सङ्गठनका प्रतिनिधि र सञ्चारकर्मीहरूको सहभागिता थियो । उनीहरूले विनियमावलीमा समेटिएका विभिन्न व्यवस्थाबारे आ-आफ्नो धारणा राखेका थिए ।



"वैदेशिक लगानी भित्र्याउने प्रक्रिया झन्झटिलो भयो भन्ने गुनासो विगतमा धेरै आयो । यो विनियमावलीमार्फत विगतका नीतिगत कमजोरीलाई सम्बोधन गर्ने प्रयास गरिएको छ ।"

## अध्यक्ष श्रेष्ठद्वारा गभर्नर अधिकारीसमक्ष शपथ

प्राइम कमर्सियल बैंक लिमिटेडका नवनिर्वाचित अध्यक्ष राजेन्द्रदास श्रेष्ठले गभर्नर महाप्रसाद अधिकारीसमक्ष २०७८ जेठ २३ गते पद तथा गोपनीयताको शपथ लिनुभएको छ । शपथ ग्रहणपछि गभर्नर अधिकारीले अध्यक्ष श्रेष्ठलाई सफल कार्यकालको निम्ति शुभकामना दिनुभयो ।

प्राइम कमर्सियल बैंक लिमिटेड सञ्चालक समितिको जेठ १४ गते बसेको ४२२ औं बैठकले श्रेष्ठलाई अध्यक्ष चयन गरेको थियो । यसअघि श्रेष्ठ बैंकको सञ्चालक समितिको सदस्य हुनुहुन्थ्यो । उहाँको कार्यकाल चार वर्षको हुनेछ ।

बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १४ (५) मा सञ्चालकले आफूमध्ये बहुमतबाट छानेको व्यक्ति सञ्चालक समितिको अध्यक्ष हुने व्यवस्था छ । उक्त ऐनको दफा १२७ मा बैंक तथा वित्तीय संस्थाका सञ्चालक समितिका अध्यक्षले राष्ट्र बैंकसमक्ष पद तथा गोपनीयताको शपथ लिनुपर्ने व्यवस्था छ ।



# विदेशी लगानी तथा विदेशी ऋण व्यवस्थापन विनियमावली, २०७८ र केही सवालहरू

पुष्करराज भट्टराई
सहायक निर्देशक



## १. पृष्ठभूमि

विदेशी लगानीकर्ताको आगमनदेखि निर्गमनसम्मका सम्पूर्ण सुविधाहरू एकै थलोबाट उपलब्ध गराउने अभिप्रायले औद्योगिक व्यवसाय ऐन, २०७६ को दफा ३७ र ३८, विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ को दफा २३, औद्योगिक व्यवसाय नियमावली, २०७६ को नियम २२ र २३, पन्ध्रौं योजना, बजेट वक्तव्य तथा मौद्रिक नीतिमा उल्लेखित व्यवस्थालाई कार्यान्वयनमा ल्याई सेवा प्रवाहको गुणस्तरमा वृद्धि गरी लगानीको वातावरणलाई सहज बनाउनका लागि सरकारले २०७६ जेठ १ देखि 'एकल बिन्दु सेवा केन्द्र' सञ्चालनमा ल्याएको हो । उक्त केन्द्रमा रहने विभिन्न इकाईहरूमध्ये नेपाल राष्ट्र बैंकको प्रतिनिधित्व रहने इकाईको रूपमा 'विदेशी विनिमय सहजीकरण इकाई' रहने देखियो । उक्त इकाईले सम्पादन गर्नुपर्ने कामलाई व्यवस्थित बनाउने उद्देश्यले निश्चित अख्तियारीसहित एकल बिन्दु सेवा केन्द्र, विदेशी विनिमय सहजीकरण इकाईको कार्य सञ्चालन कार्यविधि, २०७६ को तर्जुमा गरी कार्यान्वयनमा ल्याइयो । विदेशी विनिमय (नियमित) गर्ने ऐन, २०१९ र नेपाल राष्ट्र बैंक ऐन, २०५८ मा भएको व्यवस्थाबमोजिम विदेशी लगानी तथा विदेशी ऋणलाई सहजीकरण गर्नका लागि जारी गरिएका एक दर्जन परिपत्र तथा नीतिगत निर्देशनहरूलाई एकत्रित गरी सोको व्यवस्थापन र विदेशी लगानी तथा विदेशी ऋणका सम्बन्धमा देखिएका विविध विषयमा सहजीकरण गर्ने उद्देश्यले नेपाल राष्ट्र बैंकले ' विदेशी लगानी तथा विदेशी ऋण व्यवस्थापन विनियमावली, २०७८' जारी गरेको छ ।

## २. विनियमावलीका नयाँ व्यवस्थाहरू

विदेशी लगानी तथा विदेशी ऋणको स्वीकृतिदेखि ऋण तथा लगानी फिर्तासम्मका विषयलाई समेटेर तर्जुमा गरिएको उक्त विनियमावलीमा भएका केही नयाँ र महत्वपूर्ण व्यवस्थाहरू देहायबमोजिम रहेका छन् :

- चुक्ता पुँजीको तीन प्रतिशतले हुने रकम सम्भाव्यता अध्ययन र पूर्वसञ्चालन खर्चको रूपमा भित्र्याउन पाइने र यसलाई विदेशी लगानीमा गणना गरी लेखाङ्कन गरिने,
- सेयर स्वामित्व परिवर्तन हुने अवस्थामा बाहेक विदेशी लगानीको स्वीकृति प्राप्त गरेपश्चात् लगानीवापतको विदेशी मुद्रा भित्र्याउनका लागि राष्ट्र बैंकको स्वीकृति आवश्यक नपर्ने,
- विदेशी लगानीको लेखाङ्कनका लागि रकम भित्र्याएको छ महिनाभित्रमा निवेदन दिनुपर्ने,
- सम्बन्धित निकायको स्वीकृति प्राप्त नभएको तथा शाखा कार्यालयसँग सम्बन्धित कारोबारको लागि प्रमाण र औचित्यका आधारमा सटही स्वीकृति प्रदान गर्न सकिने,
- विदेशी लगानी तथा आर्जित रकम सामान्यतया विदेशी लगानी भित्रिएको देशमा नै फिर्ता पठाउनुपर्ने,
- विदेशी मुद्रामा ऋण लिनुपरेमा राष्ट्र बैंकको पूर्वस्वीकृति लिनुपर्ने,
- स्वीकृत भुक्तानी तालिकाबमोजिमको साँवा तथा ब्याज रकमको फिर्ता भुक्तानीका लागि यस बैंकको सटही स्वीकृति आवश्यक नपर्ने,
- विदेशी लगानी तथा विदेशी ऋण व्यवस्थापन सहजीकरण समिति तथा समितिको काम, कर्तव्य र अधिकारसम्बन्धी व्यवस्था,
- अमेरिकी डलर १० लाखभन्दा कम रकमको विदेशी लगानी तथा विदेशी ऋणको स्वीकृतिका लागि लेखापरीक्षण भएको वित्तीय प्रतिवेदन आवश्यक नपर्ने आदि ।

## ३. विदेशी लगानी तथा विदेशी ऋण व्यवस्थापनका सम्बन्धमा देखिएका केही सवालहरू

विदेशी विनिमय (नियमित) गर्ने ऐन, २०१९ बाट प्रदत्त अधिकारको प्रयोग गरी यस बैंकबाट प्रकाशन तथा प्रसारण गरिएका सूचना एवम् निर्देशनहरूको अक्षरश कार्यान्वयन गर्ने प्राथमिक दायित्व बैंक तथा वित्तीय संस्थाहरूको हुने गर्दछ । नयाँ विनियमावलीको व्यवस्थाबाट नेपाल राष्ट्र बैंकले आफूबाट सम्पादन भइरहेका सञ्चालनगत कार्यहरू बैंक तथा वित्तीय संस्थाबाटै गराएर नियामकीय एवम् सुपरिवेक्षकीय कार्यमा आफ्नो ध्यान केन्द्रित गर्न खोजेको स्पष्ट देखिन्छ । यो एकदमै सराहनीय कार्य हो । बैंक तथा वित्तीय संस्थामा साविकमा निर्देशनहरूको परिपालना र विनियमावलीमा भएका नयाँ व्यवस्थाको कार्यान्वयनका सन्दर्भमा देखिएका र उत्पन्न हुनसक्ने केही सवालहरू देहायबमोजिम छन् ।

- विदेशी लगानीवापतको विदेशी मुद्रा भित्र्याउने स्वीकृति विना नै रकम कम्पनीको खातामा जम्मा गरिदिने,
- अन्य प्रयोजनले भित्र्याएको रकमलाई विदेशी लगानीवापतको रकम भएको उल्लेख गरी विदेशी मुद्रा भित्रिएको प्रमाणपत्र जारी गरिदिने,
- विदेशी लगानी भित्रिएको प्रमाणपत्र जारी गर्ने कार्यालय तोकिएबमोजिम नहुने (शाखा कार्यालयबाट पनि जारी भएको),
- अङ्गणितीय शुद्धताको जाँच नगरी ग्राहकले उपलब्ध गराएको विवरणलाई मात्र प्रमाणित गरिदिने,
- नेपाल राष्ट्र बैंकको स्वीकृति विना नै पुँजीगत प्रकृतिको रकम जम्मा गर्न मिल्ने गरी विदेशी मुद्राको खाता खोलिदिने,
- विदेशी ऋणको ब्याज गणना गर्ने प्रयोजनका लागि निर्धारण हुने ब्याजदरका लागि कुन दिनको आधार दर लिने भन्ने सम्बन्धमा द्विविधा रहेको,
- अधिकांश ऋणको ब्याजदर स्थिर प्रकृतिको नहुने भएकाले भुक्तानी तालिका पूर्वस्वीकृति गर्न कठिनाइ पर्ने,
- विदेशी लगानीवापत भित्रिएको विदेशी मुद्रामध्ये केही रकम विदेशी मुद्राको खातामा जम्मा गर्न पाइने,
- सम्भाव्यता र पूर्वसञ्चालनको खर्च तथा विदेशी लगानी भएको कम्पनीले आफ्नै विदेशी लगानीकर्ता कम्पनीबाट ऋण लिन पाइने व्यवस्था र अन्य नियामकीय

अभ्याससँगको सामञ्जस्यता,

- रिर्पोटिङलाई आधुनिक बनाउनका विदेशी लगानी अभिलेख व्यवस्थापन प्रणालीको विकास गरी अनलाइन रिपोर्टिङ गर्न सक्ने संरचनाको आवश्यकता ।

४. **विनियमावलीको प्रभावकारी कार्यान्वयनका लागि चाल्नुपर्ने केही कदमहरू**

विदेशी लगानी तथा विदेशी ऋण व्यवस्थापनको क्षेत्रमा कोसेढुङ्गा सावित हुने उद्देश्यका साथ जारी गरिएको सो विनियमावली विदेशी लगानी तथा विदेशी ऋणसँग सम्बन्धित मौजुदा कानूनी तथा नीतिगत व्यवस्थाभन्दा अब्बल रहेको कुरामा दुई मत नभएको धारणा सरोकारवाला पक्षबाट स्पष्ट रूपमा आइसकेको छ । साविकका व्यवस्थाको कार्यान्वयनको अभ्यासलाई विनियमावलीको प्रभावकारी कार्यान्वयनसँग सामञ्जस्य गर्नका लागि केही कुरामा अवश्य ध्यान दिनुपर्ने देखिन्छ । यी कुराहरू मूलतः बैंक तथा वित्तीय संस्थालाई बढी जिम्मेवार बनाई राष्ट्र बैंक असल नियामकीय अभ्यासको विकास, विमर्श तथा कार्यान्वयनमा ध्यान दिनका लागि उपयुक्त हुने देखिन्छन् ।

- बैंक तथा वित्तीय संस्थाका सम्बन्धित कर्मचारीको कार्यदक्षता अभिवृद्धि गर्नका लागि आवश्यक तालिम र कार्यशालाको व्यवस्था गर्ने गराउने,
- विनियमावलीमा भएका व्यवस्थाको कार्यान्वयनमा उत्पन्न हुने कार्यगत द्विविधाको निरुपण गर्नका लागि आवश्यक संरचनाको विकास गर्नुपर्ने,
- पुँजीगत प्रकृतिको रकम विदेशी मुद्रामा जम्मा गर्न पाइने सीमालाई व्यवस्थापन गर्नुपर्ने,
- ब्याजदर निर्धारणका लागि आधार दर कुन मितिको लिने द्विविधा अन्त्यका लागि निर्देशन जारी गर्नुपर्ने,
- विदेशी लगानी तथा विदेशी ऋणको स्वीकृति प्रदान गर्ने निकायबाट कुल पुँजी उल्लेख गरी स्वीकृति प्रदान गर्ने प्रचलित अभ्यास रहेकोले पुँजी र ऋणको अनुपातसँग सामञ्जस्य हुने गरी ऋणको स्वीकृति प्रदान गर्ने नीति अवलम्बन गर्नुपर्ने,
- विदेशी लगानी तथा विदेशी ऋणसँग सम्बन्धित तथ्याङ्कको प्रभावकारी व्यवस्थापनका लागि रिर्पोटिङका लागि विद्युतीय पोर्टलको व्यवस्था गर्नुपर्ने,
- बैंक तथा वित्तीय संस्थाको विदेशी विनिमय कारोबारको नियमित अनुगमन तथा सुपरिवेक्षण गर्ने प्रणालीको विकास गर्नुपर्ने,
- विनियमावलीको कार्यान्वयनपश्चात् पृष्ठपोषणका लागि नियमित अन्तर क्रिया कार्यक्रमहरू आयोजना गर्ने गराउने ।

५. **निष्कर्ष**

करिब एक दर्जनको संख्यामा रहेका सूचना तथा निर्देशनलाई एकत्रित गरी नीतिगत व्यवस्थालाई थप सहज बनाउनका लागि जारी गरिएको 'विदेशी लगानी तथा विदेशी ऋण व्यवस्थापन विनियमावली, २०७८' को सफल कार्यान्वयनबाट विदेशी लगानीको क्षेत्रलाई थप व्यवस्थित तथा आधुनिक बनाई औद्योगिकीकरणबाट देशको अर्थतन्त्रमा सकारात्मक योगदान पुग्ने अपेक्षा राखिएको छ । यसले अन्य नियमनकारी निकायहरूको सेवाप्रवाहलाई थप चुस्त, दुरुस्त तथा पारदर्शी बनाई विदेशी लगानीकर्तालाई आश्वस्त भई लगानी गर्ने वातावरणको विकासमा ध्यान दिनका लागि जागरुक बनाउने कार्यको थालनीमा ध्यान दिन प्रेरित गर्ने देखिन्छ ।

# झापाको धुलाबारीमा वित्तीय चेतना अभिवृद्धि कार्यक्रम

महिला चेतना सञ्जालले २०७८ वैशाख १० गते झापाको धुलाबारीमा वित्तीय चेतना अभिवृद्धि कार्यक्रम आयोजना गऱ्यो । गभर्नरको कार्यालयको समन्वयमा सञ्जालले उक्त कार्यक्रम आयोजना गरेको हो ।

सञ्जालका अध्यक्ष गोमा सुवेदीको सभापतित्वमा आयोजित कार्यक्रममा गभर्नरको कार्यालयका उप-निर्देशक डा. भागवत आचार्यले वित्तीय शिक्षाको महत्व, बैंकिङ बानीको फाइदा, बचत तथा कर्जाको आधारभूत जानकारी, विप्रेषण, बीमा, डेबिट कार्ड/क्रेडिट कार्डको प्रयोग, सफा नोट नीति, विद्युतीय भुक्तानीका सैद्धान्तिक तथा व्यावहारिक पक्ष, ब्याज अनुदानसहितको सहुलियतपूर्ण कर्जालगायतका विषयमा सहभागीहरुलाई जानकारी दिनुभयो ।




सो अवसरमा शिरोमणि माध्यमिक विद्यालय, व्यवस्थापन समितिका अध्यक्ष चन्द्रमणि पौडेल, झापा जिल्ला सुपारी सहकारी संस्थाका अध्यक्ष नीलकण्ठ तिवारीलगायतले वित्तीय चेतनाको महत्वबारे आ-आफ्नो धारणा राख्नुभयो । कार्यक्रममा सञ्जालका संस्थापक अध्यक्ष एवम् कार्यक्रम संयोजक मीरादेवी पोखरलले स्वागत मन्तव्य राख्नुभएको थियो । कार्यक्रममा स्थानीय सर्वसाधारण, महिला, विद्यार्थीसहित ७० जनाको सहभागिता थियो ।

# 'विद्युतीय भुक्तानी प्रवर्द्धनमा सामूहिक प्रयास आवश्यक'



गभर्नर महाप्रसाद अधिकारीले विद्युतीय भुक्तानीको प्रवर्द्धनका निम्ति सरोकारवाला निकायको सामूहिक प्रयास हुनुपर्ने आवश्यकतामा जोड दिनुभएको छ ।

मिडिया इन्टरनेसनलद्वारा २०७८ जेठ २३ गते भर्चुअल माध्यममा आयोजित 'डिजिटल वित्तीय साक्षरता' को शुभारम्भ गर्दै गभर्नर अधिकारीले सो आवश्यकता औँल्याउनुभएको हो । उहाँले भन्नुभयो, "विद्युतीय भुक्तानी प्रवर्द्धनका लागि राष्ट्र बैंकसँगै इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्था, भुक्तानी सेवा सञ्चालक/प्रदायकलगायत अन्य सरोकारवाला निकायको सामूहिक प्रयास आवश्यक छ । त्यसको सहजीकरणका लागि हामी सधैं तयार छौं ।"

विद्युतीय भुक्तानी अर्थतन्त्रको महत्वपूर्ण हिस्सा बनेको उल्लेख गर्दै गभर्नर अधिकारीले यसको स्तरोन्नतिका लागि विद्यमान प्राविधिक पूर्वाधार र नीतिगत व्यवस्थालाई परिमार्जन गर्दै जानुपर्ने आवश्यकता औँल्याउनुभयो । विद्युतीय भुक्तानीको प्रवर्द्धन र विस्तारका निम्ति यसबारे जनचेतना अभिवृद्धि र सेवाको बजारीकरण गर्नुपर्नेमा उहाँको जोड दिनुभयो । "जब हामी सबै प्रयोगकर्तालाई विद्युतीय भुक्तानी कारोबारको महत्व बुझाउन सक्षम हुन्छौं, तब मात्र हामी यो अभियानमा सफल हुनेछौं ।"

कार्यक्रममा बैंक तथा वित्तीय संस्था, भुक्तानी सेवा सञ्चालक/प्रदायक, विप्रेषण सेवा प्रदायकलगायतका संस्थाका प्रतिनिधिको सहभागिता थियो । उनीहरूले विद्युतीय भुक्तानी सेवाको प्रवर्द्धनको विषयमा आ-आफ्नो धारणा राखेका थिए ।

# बैंकिङ अपरेसन र मुद्रा व्यवस्थापन तालिम सम्पन्न

बैंकर्स प्रशिक्षण केन्द्रले २०७८ जेठ २६ देखि २८ गतेसम्म भर्चुअल माध्यमबाट 'बैंकिङ अपरेसन' विषयक तालिम कार्यक्रम सञ्चालन गर्‍यो ।

आठ वटा सत्रमा सञ्चालित उक्त तालिममा बैंकिङ अपरेसनको परिचय, मुद्रा व्यवस्थापन, नगद व्यवस्थापन, सरकारी खाता सञ्चालन, विदेशी विनिमय कारोबार, रेमिटचान्स र प्रतीतपत्र, भुक्तानीका प्रक्रिया, ट्रान्सफर र खाता व्यवस्थापन विषयमा प्रशिक्षण दिइएको थियो । बैंकिङ विभागका निर्देशकद्वय सृजना बास्तोला र निभा श्रेष्ठ, उप-निर्देशकद्वय माधवप्रसाद पोखरेल र प्रमेश पोखरेल, सहायक निर्देशकहरु सञ्जय केसी, विद्यामान महतारा र सफल श्रेष्ठमार्फत सहभागीलाई प्रशिक्षण दिइएको थियो । तालिममा बैंकिङ विभाग, मुद्रा व्यवस्थापन विभाग र प्रदेशस्थित कार्यालयका ५५ जना कर्मचारीको सहभागिता थियो ।

यसै गरी, केन्द्रले जेठ ३१ देखि असार १ सम्म 'मुद्रा व्यवस्थापन' विषयक तालिम कार्यक्रम सञ्चालन गर्‍यो ।

आठ वटा सत्रमा सञ्चालित सो तालिममा नेपाल राष्ट्र बैंकको मुद्रा व्यवस्थापनसम्बन्धी पद्धति, मुद्रा व्यवस्थापनको आधुनिक अभ्यास, मुद्राको विशेषता र जाली नोटको पहिचान, फण्ड ट्रान्सफर, नोटकोष सञ्चालन, मुद्रा व्यवस्थापनको लेखाङ्कन र हिसाब मिलानलगायतका विषयलाई समेटिएको थियो । सहभागीलाई मुद्रा व्यवस्थापन विभागका कार्यकारी निर्देशक रेवतीप्रसाद नेपाल, निर्देशकद्वय अनुज दाहाल र नीरा ताल्चाभडेल, उप-निर्देशकहरु मनोज पोखरेल, विपिनकुमार महतो र बबी केसी तथा सहायक निर्देशक सरिता दुवालले प्रशिक्षण दिनुभएको थियो ।

तालिममा मुद्रा व्यवस्थापन विभाग, बैंकिङ विभाग र प्रदेशस्थित कार्यालयका ५४ जना कर्मचारीको सहभागिता थियो । तालिम कार्यक्रमको संयोजन र सञ्चालन क्रमशः केन्द्रका उप-निर्देशक लक्ष्मीनारायण ताम्राकार र सहायक निर्देशक अभिषेक खनालले गर्नुभएको थियो ।

## अवकाश

सम्पत्ति तथा सेवा व्यवस्थापन विभागका प्रधान चालक ज्ञानबहादुर तामाङले २०७८ जेठ १५ गते बैंक सेवाबाट अवकाश पाउनुभएको छ । उहाँले ५८ वर्षे उमेर हदका कारण अवकाश पाउनुभएको जनाइएको छ ।

*प्रकाशक*

**नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय**

सूचना तथा सञ्चार समन्वय महाशाखा

बालुवाटार, काठमाडौं, फोन : ४४१९८०४, Ext.: १३९/१४०

इमेल : samachar@nrb.org.np, वेबसाइट : www.nrb.org.np

*सम्पादक*

**डा. भागवत आचार्य**

*सम्पादन सहयोगी*

सृजना क्षेत्री

लालकुमार सुवेदी

नवीना ताम्राकार